# अर्थ मन्त्रालयको प्रेस विज्ञप्ति

नेपाल सरकारको मिति २०७५ साल भाद्र ३ गतेको निर्णय अनुसार गठित सार्वजनिक खर्च पुनरालोकन आयोग, २०७५ले आफ्नो कार्य सुरु गरेको छ।

सार्वजनिक खर्च व्यवस्थापनमा सुधार गर्ने, विकास आयोजनहरुको प्राथिमिकीकरण गर्ने, सरकारी खर्चको गुणस्तर कायम गर्ने, पूजीगत खर्च वृद्धिगर्न अपनाउनु पर्ने उपायहरुमा सुझाव दिने, सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनउने, सार्वजनिक संस्थानहरुमा कायम रहेको सरकारी लगानी र दाइत्वको विश्लेक्षण गर्ने, बजेट र खर्च प्रणालीमा सुधार गर्ने जस्ता महत्वपूर्ण कार्यक्षेत्रहरु तोकी नेपाल सरकारले डा. डिल्लिराज खनालको अध्यक्षतामा हालै पाँच सदस्यीय उच्चस्तरीय सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन गरेको थियो।